म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३१५ | बिहीबार ९ असार २०७९ | ने. सं. ११४२ तछलागा | 23 Jun, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**हाम्रो स्वाभिमान, कृषि कर्मको सम्मान**

धान रोपौं, खाद्यान्नमा आत्मनिर्भर बनौं
राष्ट्रिय धान दिवस (असार १५) भव्य रुपमा मनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मल कारखानाको सम्भाव्यता अध्ययन गर्ने सम्झौता

साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ बागमती प्रदेश सरकारले काठमाडौं विश्वविद्यालयसँग युरिया मल उत्पादन कारखाना स्थापना गर्न सम्भाव्यता अध्ययन गर्ने सम्झौता गरेको छ ।

देशैभरि युरिया मलको अभाव सिर्जना भइरहेका बेलामा प्रदेश सरकारले मल कारखाना स्थापना गर्न आवश्यक सम्भाव्यता अध्ययन गर्ने सम्झौता गरेको हो । बुधबार प्रदेशको कृषि तथा पशुपन्क्षी विकास मन्त्री बसुन्धरा हुमागाईं र विश्वविद्यालयका उपकुलपति प्राध्यापक डा. भोला थापाले सम्झौतामा हस्ताक्षर गरेका छन् ।

हरित अमोनियाबाट हरित युरिया उत्पादनका लागि सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार गर्न सम्झौता गरिएको मन्त्रालयले जनाएको छ । बागमती सरकारले प्रदेशभित्र तीन वटा मल कारखाना खोल्ने निर्णय यसअघि नै गरिसकेको छ ।

यसबीचमा मन्त्रालयले केयूका पदाधिकारी र प्राविधिकहरूसँग मल उत्पादन कारखाना सञ्चालनका सम्बन्धमा छलफल गरेको थियो । केयूले छलफलका क्रममा नेपालमा हरित अमोनियाबाट हरित युरिया मल उत्पादन गर्न सम्भव रहेको तर सबै सरकारको साथ आवश्यक रहेको औँल्याएको थियो ।

केयूले नेपालमा पानी प्रशस्त रहेका कारण पर्याप्त विद्युत्‌को उपलब्धता भएमा हाइड्रोजन प्रविधिबाट मल कारखाना सञ्चालन गर्न सकिने जानकारी प्रदेश सरकारलाई गराएको थियो । काठमाडौं विश्वविद्यालयले दुई वर्षदेखि नेपालमा पहिलोपटक हरित हाइड्रोजन उत्पादन गर्न अध्ययन अनुसन्धान गरिरहेको छ ।

बागमतीका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेलाई भेटेर गत फागुनमा विश्वविद्यालयका ग्रीन हाइड्रोजन ल्याबका प्रमुख डा. विराज सिंह थापाले हाइड्रोजन प्रविधिबाट मल उत्पादन गर्दा उपयुक्त हुने सुझाव दिएका थिए । प्रदेश सरकारले यसअघि पनि मल कारखाना स्थापनाको लागि पहल गर्दै आएको थियो । मल कारखाना स्थापना गर्नका लागि थाइल्याण्डको नीजि कम्पनीको टोलीले प्रदेशको विभिन्न स्थानको स्थलगत अनुगमनसमेत गरेको थियो ।

उक्त कम्पनीले कारखाना स्थापना गर्नको लागि प्रदेश सरकारले नि:शुल्क विद्युत उपलब्ध गराउनुपर्ने लगायतको माग गरेको थियो । तर, विभिन्न कारणले उक्त कार्य अगाडि बढ्न नसकेपछि प्रदेश सरकारले आफैंले मल कारखाना स्थापना गर्नको लागि सम्भाव्यता अध्ययन गर्न लागेको हो ।

सरकारले वर्षेनि कृषिमा ठूलो समस्याको जरो गाढेर बसेको मलको अभाव अन्त्य गर्न आफैंले मल उत्पादन कारखाना सञ्चालन गर्न विस्तृतरुपमा सम्भाव्यता अध्ययन गर्न लागेको जनाएको छ । प्रदेशको कृषि तथा पशुपन्क्षी विकास मन्त्री हुमागाईंले वार्षिकरुपमा दुई लाख मेट्रिक टन मल उत्पादन गर्न सक्ने क्षमताको कारखाना स्थापना गर्ने प्रदेश सरकारको तयारी रहेको बताए । मन्त्री हुमागाईंले सरकारले काठमाडौं विश्वविद्यालयसँग भएको सीप, ज्ञान र प्रविधिको प्रयोग गर्दै मलको अभावको अन्त्य गर्ने बाटो खोजेको जिकिर गरे । उनले ६ महिनाभित्र विश्वविद्यालयले मल कारखाना स्थापना सम्भाव्यताको बिस्तृत अध्ययन गरेपछि अर्को वर्षमा कारखाना स्थापनाको काम हुने जानकारी दिए ।

सरकार, नीजि क्षेत्र र नागरिकको पनि लगानीबाट काम गरिने उनको भनाइ छ । करिब ५० लाख लाग्ने अनुमान गरिएको सम्भाव्यता अध्ययन गर्न मन्त्रालयले विश्वविद्यालयलाई चालू आर्थिक वर्षमा २० लाख दिने सम्झौता गरेको मन्त्री हुमागाईंको भनाइ छ ।

बाँकी ३० लाख रुपैयाँ विश्वविद्यालयलाई प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटबाट उपलब्ध गराउनेछ । उपकुलपति थापाले विद्युतबाट रासायनिक मल उत्पादन गर्न नेपालमा नै पहिलोपटक बागमती प्रदेश सरकारले सम्भाव्यता अध्ययन गर्न लागेको बताए । थापाले जलविद्युतबाट मल उत्पादन गरेर देशलाई आर्थिक समृद्धिको बाटोमा लैजान सक्ने बताए । उनले अध्ययन गरेर प्रतिवेदन थन्क्याएर राख्न नहुने भन्दै नेपालमा कुनैपनि हालतमा मल उत्पादन गर्ने कारखाना स्थापना गर्नुपर्नेमा जोड दिए ।

विश्वविद्यालयको ग्रिन हाइड्रोजन ग्यासको प्रमुख प्राध्यापक डा. विराजसिंह थापाले नेपालमा १९६२ सालदेखि युरिया मल उत्पादन गर्ने कारखाना स्थापनाको बहस चलेपनि स्थापना हुन नसकेको बताए ।

उनले नेपालमा पहिलोपटक बागमती प्रदेश सरकारले मल उत्पादन कारखाना स्थापना गर्न सम्भाव्यता अध्ययन गर्न लागेको भन्दै ६ महिनामा अध्ययन प्रतिवेदन तयार हुने बताए । उनले प्रारम्भिक अनुमान गर्दा कारखाना स्थापना गर्न ६० देखि ८० अर्ब सम्म लाग्न सक्ने जानकारी दिए । थापाले नेपालमा खेर गइरहेको पानी र सिमेन्ट उद्योगहरुबाट निस्किने धुलोको प्रयोगमा मल उत्पादन गरिने बताए ।



## ध्वनी प्रदुषण हुने गरी मोटरसाइकल चलाउनेलाई कारबाही

हेटौंडा, ८ असार/ स्वरुप परिवर्तन गरेर ध्वनी प्रदुषण हुने गरी बजारमा मोटरसाइकल चलाउनेलाई जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले कारबाही गर्न सुरु गरेको छ ।

ट्राफिक प्रहरीले मोटर साइकलको स्वरुप परिवर्तन गरेर ठूलो आवाज बनाउने र लापरबाही ढंगले मोटरसाइकल तथा अन्य सवारी साधन चलाउनेलाई धमाधम कारबाही गर्न थालेको हो । मकवानपुर ट्राफिकले दैनिक स्वरुप परिवर्तन गरी चलाउने मोटरसाइकललाई कारबाही गर्दै आएको जिल्ला ट्राफिक कार्यालय मकवानपुरका प्रमुख मुनेन्द्र थापाले जानकारी दिए । जेठ महिनादेखि असार ७ गतेसम्ममा हेटौंडा बजार क्षेत्रमा मोडिफाई गरी बाइक चलाउने ३५ जनालाई कारबाही गरिएको उनले बताए ।

कारबाहीमा पर्नेमा सबै बुलेट बाइक चालक रहेको प्रमुख थापाले बताए । कारबाहीमा परेकाहरुलाई नियन्त्रणमा लिई मोडिफाई गरिएको बाइकलाई पुरानै स्वरुप बनाएर पठाउने गरिरहेको उनले बताए । एकपटकलाई सम्झाइ बुझाइ छाडेको र अब दोहोरिएको पाइएमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ अनुसार कडा कारबाही गरिने उनको भनाइ छ ।

## भीमफेदी कारागारका कैदीको मृत्यु

हेटौंडा, ८ असार/ स्वास्थ्यमा समस्या आएपछि उपचारका लागि हेटौंडा अस्पताल ल्याउँदै गर्दा भीमफेदी कारागारका एक कैदीको मृत्यु भएको छ ।

भीमफेदी गाउँपालिकास्थित क्षेत्रीय कारागार भीमफेदीमा ७ वर्षका लागि कैदी जीवन बिताइरहेका हेटौंडा उपमहानगरपालिका-२ घर भएका ३४ वर्षीय मिलन परियारको मृत्यु भएको हो । परियार मंगलबार छाती पोल्ने र दुख्ने समस्या भएपछि कारागारमै छट्पटाएका थिए । उनको उपचारका लागि भीमफेदी बजारस्थित प्राथमिक स्वास्थ्य चौकीमा लगिएको थियो । स्वास्थ्य चौकीले परियारलाई थप उपचारका लागि हेटौंडा अस्पताल रिफर गरेको हो । उनको थप उपचारका लागि अस्पताल ल्याउने क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

परियार लागूऔषध मुद्दामा कैद भुक्तान गरिरहेका थिए । जिल्ला अदालत मकवानपुरको आदेशपछि २ जेठ २०७६ मा उनी कारागार चलान भएका थिए । उनले ३ वर्ष कैद भुक्तान गरिसकेको कारागारले जनाएको छ । शवको पोष्टमार्टम नहुँदा मृत्युको कारण खुल्न नसकेको प्रहरीले जानकारी दिएको छ ।

# समान शिक्षाको व्यवस्था गर्न माग गर्दै ज्ञापनपत्र

साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ नेकपा निकट अखिल (क्रान्तिकारी) मकवानपुरले सामुदायिक र नीजि विद्यालयको नाममा भइरहेको विभेदकारी शिक्षालाई समान शिक्षाको रुपमा लागू गर्न माग गर्दै हेटौंडा उपमहानगरपालिकालाई ज्ञापनपत्र बुझाएको छ ।

बुधबार हेटौंडा उपमहानगरपालिकामा पुगेर अखिल (क्रान्तिकारी) का केन्द्रिय सचिवालय सदस्य तथा मकवानपुरका जिल्ला इन्चार्ज विवेक घलान र उपाध्यक्ष सूर्यबहादुर गोलेको नेतृत्व समूहले ज्ञापनपत्र बुझाएको हो ।



उनीहरुले शिक्षा क्षेत्रमा भएको विविध समस्याहरुको समाधान गर्दै संविधानत: नि:शुल्क शिक्षा लागू गर्न माग गर्दै हेटौंडा उपमहानगर पालिकाका मेयर मिनाकुमारी लामा र उपमेयर राजेश बानियाँलाई ज्ञापनपत्र बुझाएका हुन् । ज्ञापनपत्रमा सामुदायिक र निजि विद्यालयको नाममा भइरहेको विभेदकारी शिक्षालाई समान शिक्षाको रुपमा लागू गर्नु राज्यको दायित्व भएता पनि राज्य सञ्चालकहरुले उक्त दायित्वबोध नगरेको उल्लेख गरिएको छ । त्यस्तै, नेपालको संविधान २०७२ को भाग २ अन्तर्गत् धारा ३१ को उपधारा २ मा उल्लेख गरेअनुसार आधारभूत तथा माध्यमिक तहसम्मको नि:शुल्क शिक्षा लागू गर्नसमेत जोड्दार माग गरेको छ । संविधानमै व्यवस्था गरेको शैक्षिक अधिकार तत्काल लागू गर्न, गराउन पहल नगरे अखिल (क्रान्तिकारी) कडा संघर्षमा उत्रिन बाध्य हुने कुरासमेत ज्ञापनपत्रमा उल्लेख गरेको छ । साथै दिन प्रतिदिन पेट्रोलियम पदार्थमा भएको मूल्य बृद्धि घटाउन र अन्य उपभोग्य वस्तुमा देखिएको मूल्य बृद्धिको असर न्यूनीकरण गर्न तत्काल पहल गर्न पनि ज्ञापनपत्रमार्फत् उपमहानगर पालिकालाई ध्यानाकर्षण गराएको छ । यसरी अखिल (क्रान्तिकारी) का केन्द्रिय सदस्य तथा मकवानपुरका अध्यक्ष ललित घलानद्वारा हस्ताक्षरित ज्ञापनपत्र बुझाइएको हो ।

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री

शुभारम्भ

YADEA
e-SCOOTERS






Offer
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

### हेटौंडा-कुलेखानी-काठमाडौं छोटो मार्ग

# वर्षा मौसममा विशेष सतर्कता अपनाउनैपर्छ

हेटौंडाबाट कुलेखानीहुँदै काठमाडौं जाने मार्ग छोटो छ । दूरीका हिसाबले छोटो भएकैले बागमती प्रदेशको राजधानी हेटौंडा र देशको राजधानी काठमाडौं आउजाउ गर्नेहरुको रोजाईंमा यो मार्ग पर्दै आएको छ । सामान्य अवस्थामा हेटौंडा-काठमाडौं करिब चार घण्टामा सजिलै आउजाउ गर्न सकिने हुँदा यो मार्ग सबैको रोजाईंमा परेको हो । नजिक भएकाले प्रदेश र संघीय राजधानीमा काम गर्ने कर्मचारीहरुको पनि ओहोरदोहोर गर्ने प्रमुख मार्ग यो नै हो । त्यसैले यो मार्ग उपभोग गर्नेहरुको चाप बढेको छ । दैनिक हजारौं सवारी साधन चल्ने यो मार्गको अहिले वर्षा मौसमको अवस्था भने नाजुक बनेको छ ।

यो मार्गमा सवारी चाप बढेकैले बागमती प्रदेश सरकारले यसलाई फराकिलो बनाउने काम गरिरहेको छ । निकै सुस्त गतिमा अगाडि बढेको काम समयमै सकिनेमा शंका छ । निर्माण कार्य जारी रहेकोले उक्त मार्गअन्तर्गत् भैंसे-भीमफेदी खण्ड ठाउँ ठाउँमा भीमफेदीबाट आउने राप्ती खोलाको बगरबाट डाइभर्सन निर्माण गरिएको छ । दैनिकजसो वर्षात् भइरहेकोले उक्त डाइभर्सन भत्किने र घण्टौंसम्म जाममा पर्नुपर्ने बिडम्बनापूर्ण अवस्था देखिएको छ । अर्कोतिर मार्गमा ठाउँ ठाउँमा पहिरो जान थालिसकेको छ । उक्त पहिरो झन् जोखिमपूर्ण भएको छ । मार्ग निर्माणको लागि पहाडमा हेभी मेशिन प्रयोग भएकोले जमिनभित्र वर्षात्को पानी छिरेपछि धेरै स्थानमा पहिरो जाने सम्भावना बढेको छ । एकातिर खोलाले बगाउला भन्ने चिन्ता त अर्कोतिर पहिरोले पुर्ला भन्ने चिन्ता रहेको छ ।

स्थल मार्गबाट यात्रा यसै जोखिमपूर्ण हुन्छ । त्यसमाथि बाढी र पहिरोको जोखिम भएको यो मार्ग प्रयोगमा सतर्कता अपनाउनै पर्छ । यसको लागि यात्रापूर्व मार्गको अवस्था बारे र वर्षात्को बारेमा राम्ररी सूचना लिएर हिँड्नु उपयुक्त हुन्छ । जसको लागि नेपाल प्रहरी तथा सम्बन्धित पालिकाहरुबाट यथार्थ सूचना लिन पनि सकिन्छ । यसतर्फ सबै गम्भीर हुनैपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असार १० गते शुक्रबार २४ जुन २०२२ । असार कृष्णपक्ष एकादशी । तछलागा एकादशी ११४२ । सुर्योदय: ५:११, सुर्यास्त: ७:०१ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : पराक्रम वृद्धि | तुला | : आर्थिक हानि |
| वृष | : शत्रु वृद्धि | वृश्चिक | : आर्थिक लाभ |
| मिथुन | : भाग्यबाट सन्तोष | धनु | : विदेशबाट लाभ |
| कर्कट | : अनावश्यक झंझट | मकर | : आफन्तमा विवाद |
| सिंह | : गृहकलहमा वृद्धि | कुम्भ | : मांगलिक कार्यमा मन |
| कन्या | : सम्पत्तिबाट लाभ | मीन | : मानसम्मानमा वृद्धि |

# दिगो आर्थिक विकासका आधारहरु !



✍ मेघनाथ दाहाल

**कुनै मुलुकको पहिलो दायित्व भनेको नै सर्वसाधारणको जीवनस्तर सुधार्नु तथा न्यूनतम आधारभूत मानवीय आवश्यकताका वस्तु तथा सेवाको आपूर्ति गर्न क्षमता राख्नुपर्ने हुन्छ । त्यसपछि उपलब्ध स्रोतसाधनको मितव्ययी तथा व्यावसायिक प्रयोगको माध्यमद्वारा आयात प्रतिस्थापन गर्दै निर्यात वृद्धिका लागि पहिलो पहल आजको आवश्यकताभित्र पर्ने गर्दछ ।**

आजको विश्वपरिवेशलाई नियाँल्दा के देखिन्छ भने कुनै पनि मुलुक विकास र संमृद्धिको बाटोमा चटकीको जादुगरी जस्तो आजको भोलि विकास भएको हुँदै होइन । तर, यसो भनेर सधैं हिजोको भन्दा राम्रो भयो भनेर चित्त बुझाएर बस्नुपर्ने भन्न खोजेको होइन । दक्षिण एशियाको हिमालयको काखमा बसेको एक सानो तर धेरै सम्भावना र कममात्रका चुनौतीको माझमा हामी किन समयसँगै अगाडि जान सकेनौं । बहुदलीय प्रतिस्पर्धात्मक शासन पद्धति अपनाएको हाम्रो मुलुकले किन तीन दशकमाथिको समयमा पनि विकास अग्रगमन तथा समृद्धिको बाटो स्पष्ट कोर्न सकेन भन्ने प्रश्नले सधैं घच्घच्याइरहने मानसिकताको उपज हो यो आलेख ।

अबको समयमा न त विदेशी शक्ति न त राजा नै बाधक छन् तैपनि हामी किन सामाजिक आर्थिक विकासको मूल बाटोमा पुग्न सकिरहेका छैनौं । मुलुकमा विद्यमान आर्थिक संरचना तथा पूर्वाधारले उत्पादन, उपभोग, विनिमय तथा वितरणको माध्यमबाट मुलुक जनता तथा अन्तर्राष्ट्रिय क्षेत्रमा के कसरी हाम्रो जीवनस्तरमाथि लैजान सक्छ भन्ने कुरामा हाम्रो बहस छलफल तथा विमर्श नभएका होइनन् । योजनाबद्ध विकासको पन्ध्रौं चरणमा हामी विकासको उद्देश्य, गन्तव्य, रणनीति तथा कार्यक्रममा एकमतका साथ अगाडि जान नसकेको स्थिति हो ।

राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको महत्वकांक्षा र दूरदर्शीपन दुवैको संयोग नै आजको सिंगो नेपाल हो । सन् १८१६ मा भयको सुगौली सन्धिपछिको समयमा मेची र महाकाली एवं हिमाल र दक्षिणतर्फ दशगजामा राजनीतिक एवं भौगोलिक सीमाको आधारमा विश्व परिवेशमा एउटा राम्रो तर गरिब मुलुकको परिचयका साथमा उभिएको छ । राम्रो कुन मानेमा भन्दा युएनको सदस्यका नाताले नेपालले गरेका कामकारबाही प्रशंसाकै रूपमै चिनिएका छन् । तर, गरिब किन भने हाम्रो आर्थिक एवं सामाजिक तथा सांस्कृतिक परिवेश आज पनि मानवीय रूपमा आत्मसम्मानपूर्वक बाँच्न पाउने स्थितिमा छैन । थोरैमात्र भाग्यमानी नेपालीमात्र विश्वस्तरीय आधारभूत समाजिक तथा आर्थिक परिवेशमा पुगेको सम्बन्धित आँकडाले देखाइरहेको छ ।

आज पनि समाजको सबैभन्दा तल्लो तहका २५ प्रतिशत मानिस निरपेक्ष गरिबीको रेखामुनि छन् भने उक्त समूहभन्दा माथिको ५५ प्रतिशत निम्नमध्यम वर्गीय नेपालीको जीवन आजको दिनमा पनि कष्टपूर्ण नै छ । बाँकी रहेको २० प्रतिशत जनतामा १५ प्रतिशत मानिस उच्चमध्यम वर्गमा पर्दछन् भने समाजको सबैभन्दा माथिल्लो तह तथा तप्का जुन माथिल्लो पाँच प्रतिशत अत्यन्त धनी मानिसलाई मुलुकमा विद्यामान कुनै पनि किसिमका समस्याले (प्राकृतिक बाहेकका) सितिमिति असर गर्दैन । हाम्रोमा मात्र नभएर आजको विश्वपरिवेशमा धनाढ्य वर्ग र उच्चमध्यम वर्ग समाजको लागि अत्यन्त आवश्यक समूहभित्र पर्दछन् ।

यिनीहरुले मुख्यत: पुँजीको आपूर्ति प्रविधिको आयातको साथमा विश्वका पुँजीपति धनाढ्य उद्यमशील व्यक्ति तथा समूहलाई लगानीको माध्यमद्वारा मुलुकमा भित्र्याउने काम गर्दछन् । कुनै मुलुकको पहिलो दायित्व भनेको नै सर्वसाधारणको जीवनस्तर सुधार्नु तथा न्यूनतम आधारभूत मानवीय आवश्यकताका वस्तु तथा सेवाको आपूर्ति गर्न क्षमता राख्नुपर्ने हुन्छ । त्यसपछि उपलब्ध स्रोतसाधनको मितव्ययी तथा व्यावसायिक प्रयोगको माध्यमद्वारा आयात प्रतिस्थापन गर्दै निर्यात वृद्धिका लागि पहिलो पहल आजको आवश्यकताभित्र पर्ने गर्दछ ।

हामी सबैको चासो भनौं वा राजनीति, विकास तथा समृद्धिले सम्बोधन गर्नुपर्ने समूह भनेको नै हाम्रो समाजको सबैभन्दा तल्लो निरपेक्ष गरिबीको समूहमा परेको तप्का र सोभन्दा माथिल्लो निम्नमध्यम वर्गीय समूह हो किनभने यसले समग्र जनसंख्याको ठूलो हिस्सालाई (८० प्रतिशत) प्रतिनिधित्व गर्दछ । हाम्रो अबको पहिलो दायित्व भनेको नै वित्तीय तथा आर्थिक नीति र कार्यक्रमले लगानी गर्ने सामर्थ्य भएको समाजको उपल्लो वर्ग समूहलाई मुलुकबाट भाग्न नदिने वातावरणको सिर्जना गर्न सक्नुपर्दछ । बीचको निम्नमध्यम वर्गीय जमात जसले सीप, क्षमता तथा उत्पादनका लागि आवश्यक मानवीय श्रमको साथमा उत्पादकत्वको विकासमा मानवीय श्रमको आपूर्तिद्वारा सबैभन्दा महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

यसलाई मुलुकको नीति कार्यक्रम तथा विविध कुराबाट संरक्षित गर्दै विकास र वस्तु तथा सेवाको उत्पादनमा महत्वपूर्ण भूमिका खेल्न उत्प्रेरित गर्नुपर्ने हुन्छ । किनभने विश्वको सबै मुलुक तथा समाजका लागि यो समूह उत्पादनमा सबैभन्दा सक्रिय रहन्छ । हाम्रो समाज संस्कृति सामाजिक चरित्र भूगोल र राजनीतिक गतिविधि र परिवर्तनको आधारमा के कुराको कम्तीमा अन्दाज गर्न सकिन्छ भने विकासका गति तथा मार्ग मुलुकको आफ्नो क्षमता तथा विशेष किसिमको विशेषताको आधारमा तय गरेमा सफल हुनेमात्र नभएर दिगो हुने गरेको आजसम्मका विकास नमुनाले प्रमाणित गरेका छन् ।

विकासको प्रयास हामीले खासै भन्ने हो भने पन्चायती समयमा पूर्वाधारजन्य कुरा बढी केन्द्रित थियो भने केही गतिविधि औद्योगिक तथा उत्पादनमूलक पनि नभएका होइनन् । तर, मुलुकले अंगीकार गरेको खुला बजार अर्थतन्त्रको नीतिपछि (आठौं योजनाको सुरुवातसँगै मात्र) मूर्तरूपमा अघि बढेको हो । मुलुकको आर्थिक तथा सामाजिक गतिविधिको गतिलाई आर्थिक नीतिले नियन्त्रणमात्र गर्दैन बरू विस्तार गर्न सहयोग गर्दछ ।

मुलुकले अंगीकार गरेको खुला बजार अर्थतन्त्रको बारेमा एकमत पाइँदैन । कतिपयले यसै आर्थिक नीतिका कारण नेपाली समाजमा हुने र नहुने बीचको खाडल बढेर गएको कुरा गरिरहेका छन् भने कतिपयले आजको आर्थिक गतिविधि तथा तिनको विस्तारको साथमा सरकारी ढिकुटी र मुलुकको कूल ग्राहस्थ्य उत्पादनको आजको आयतनको श्रेय यसै नीतिलाई दिने गरेको छ । राजनीतिक रूपमा प्रजातान्त्रिक वा वामपन्थी नै किन नहुन् सबैले नै यस नीतिलाई अंगीकार गरेका छन् । यद्यपि कतिपय राजनीतिक नाफा घाटाको निमित्त यस नीतिलाई समय समयमा हतियार बनाएको उदाहरण प्रशस्त नदेखिका पनि होइनन् ।

मुलुकको सामाजिक आर्थिक सकारात्मक परिवर्तनका लागि जति नीतिगत पक्षमा नेपाली कांग्रेस स्पष्ट छ त्यति अरू खासमा कम्युनिष्ट हुनसकेको भए आज मुलुक तथा नेपाली समाजको मुहार अलि राम्रो हुने थियो जस्तो मलाई व्यक्तिगत रूपमा लाग्ने गरेको छ । यस पृष्ठभूमिमा कतिपय पक्षमा दिगो विकास तथा समृद्धिका लागि केही कुरामा कठोर र अप्रिय भए तापनि शासन सत्तामा बस्ने वा पुग्ने स्पष्ट हुनुपर्ने समय चाहिँ नआएको होइन ।

यसले हाम्रो परनिर्भरतामात्र बढाएन कि हाम्रो मिहिनेत तथा काम गर्ने बानीमा समेत सुस्तता निम्त्याइरहेको छ । यसले जनताको आवश्यकता पूरा गर्ने/गरिने वस्तुको आयमा वृद्धि गरी पुँजी पलायनमात्र नगरेर वैदाशिक व्यापारको हकमा हाम्रो स्थिति नाजुक बनाउँदै लगेको छ । यदि यो अवस्था लामो समयसम्म रहने हो भने हामी वित्तीय रूपमा टाट पल्टने अवस्था नआउला भन्न सकिँदैन ।

नेपालको भूगोल तथा हाम्रो माटोको बनोट अत्यन्त संवेदनशील र कमजोर छ । ८० प्रतिशत भू-भाग भिरालो र बाँकी थारैमात्र जमिन समथर रहेकाले कृषिमा आधुनिकीकरण गर्न एकातिर अठ्यारो र अर्कोतिर महँगो पर्दै जाने देखिन्छ । वातावरणीय हिसाबमा मानव बस्तीका लागि अत्यन्त उपयुक्त न त धेरै जाडो न त धेरै गर्मी हुनेभएकाले बसोबासका लागि साह्रै राम्रो हुँदाहुँदै आर्थिक गतिविधि सञ्चालन एवं विस्तार गर्नेका लागि अलि समस्या रहेको देखिन्छ । यस हिसाबमा हाम्रो भूगोल र समाजलाई म्याचिङ गर्ने किसिमका विकास परि योजनाको छनौट लागू गर्ने तथा उपलब्धिलाई आत्मासात गर्ने किसिमको विकासको नमुनाले मात्र हामीलाई अघि बढाउन मद्धत गर्दछ ।

राजनीति तथा निर्वाचन पद्धति अस्वाभाविक रूपमा महँगो हुँदै छ । यसको परिणाम वातावरणीय रूपमा अत्यन्त महत्वपूर्ण मानिएको वनजंगल तथा तिनको घनापनको संरक्षण तथा विस्तारमा हामी कुनै न कुनै रूपमा चुक्दै गएका छौं । खोलानाला तथा तिनको प्राकृतिक बहाव तथा पानीको मुहानको बारेमा थोरैमात्र पनि संवेदनशील हुन नसक्दाको परिणाम वातावरणीय क्षति प्रतिवर्ष आकाशिँदो छ । मानव बस्ती अस्वाभाविक रूपमा उर्वर तथा अन्न भण्डारमा थुप्रिँदाको परिणाम हामी दिन प्रतिदिन भोगिरहेका छौं । सरकारको स्थिरता बलियो हुन नसक्दा हामी अस्वस्थ्यकर खाने कुरा उपभोग गर्न बाध्य छौं । यसले हाम्रो स्वास्थ्य तथा धनको क्षति नसोचेको गतिमा बढ्दो छ ।

र, अन्त्यमा यी यावत् पक्षहरूमा ध्यान पुर्‍याउँदै सामाजिक, सांस्कृतिक पक्षको साथमा बहुसंख्यक मानिसलाई मिल्ने यथार्थपरक विकास नमुना तथा तिनको सही कार्यान्वयनले मात्र मुलुक र समाजलाई दिगो विकासको बाटोमा अघि बढाउने मार्ग प्रशस्त गर्दछ ।

-स्रोत: हिमालय टाइम्स

# तातो बहसमा नेपाल-अमेरिका सम्बन्ध



✍ उज्वल उत्सर्ग

नेपालको गणतान्त्रिक संविधान २०७२ को घोषणा भएताका आफ्ना 'रिजर्भेसन' राख्दै भारतले अघोषित नाकाबन्दी लगायो । त्यसताका नेपाल-भारत सम्बन्धलाई लिएर राजनीतिक वृत्त निकै तातेको थियो । त्यसपश्चात् केपी ओलीको सरकार बन्यो र यो सरकारले त झन् चिनियाँ रेल र तेलमा बहस गर्न थाल्यो । हालको देउवा सरकारका पालामा भने नेपाल-अमेरिका सम्बन्धले असामान्य रूपमा चर्चा पाइरहेको छ । यसबाट नेपालको आन्तरिक राजनीति भूराजनीतिबाट कसरी प्रभावित हुँदोरहेछ भनी सजिलै बुझ्न सकिन्छ ।

केही महिनाअघि मात्र नेपालको संसदले पारित गरेको अमेरिकी विकास परियोजना 'एमसीसी'को चर्चा सेलाउन नपाउँदै अहिले फेरि एउटा अर्को अमेरिकी सामरिक सम्झौता 'एसपीपी'ले मिडियामा राम्रो 'कभरेज' पाएको छ । सैन्य रणनीतिसँग जोडिएको यो सम्झौता नेपाल जस्ता असंलग्न राष्ट्रका लागि अति जोखिमयुक्त हुने सारसहितका बहस बाक्ला भइरहेका छन् ।

यद्यपि, यसैलाई लिएर नेपाल-अमेरिका सम्बन्धमा पुनर्विचार गरिहाल्न भने हतार हुनेछ । किनकि यो सम्बन्धको बहुआयामिकता छ । आर्थिक र 'डायस्पोरिक' सम्बन्ध रहेको अमेरिकाले विभिन्न कालखण्डमा नेपाललाई सामरिक रूपमा पनि साथ दिएको इतिहास छ । परापूर्वकालदेखि भारत र चीन (तिब्बत) का लागि मात्र सामरिक महत्व रहेको नेपाल दोस्रो विश्वयुद्धपश्चात् विश्व शक्तिमा आएको अमेरिकाका लागि समेत उत्तिकै महत्वपूर्ण बन्न पुग्यो । सन् १९४७ (राणाकाल) मै नेपाल र अमेरिकाबीच दौत्य सम्बन्ध स्थापना भएको थियो । तत्पश्चात् नेपालले संयुक्त राष्ट्रसंघको सदस्यता लिन गरेको प्रयासमा अमेरिकाको समर्थन रहेको थियो ।

तर, सन् १९४९ देखिको नेपालको प्रयासलाई तत्कालीन शक्ति राष्ट्र सोभियत संघले असफल पारिदियो । राजा महेन्द्रको निरन्तर प्रयासले अमेरिकी समर्थनमा सन् १९५५ मा नेपाल राष्ट्रसंघको सदस्य बन्यो । त्यसपश्चात् अमेरिकाको दुई पटक राजकीय भ्रमण गरी महेन्द्रले नेपाल-अमेरिका सम्बन्धलाई सामरिक बनाएका थिए । नेपालको यो दूरदर्शिताले मुलुकलाई सम्भवत: सिक्किम हुनबाट जोगायो । यसमा अमेरिकाको योगदान पनि अविस्मरणीय छ । तसर्थ, आकाशको छिमेकी भएर पनि अमेरिका नेपालको सशक्त 'थर्ड नेबर' हो भन्दा अतिशयोक्ति नहोला । यसको अलावा आर्थिक तथा 'सोसल इन्जिनियरिङ्ग' क्षेत्रमा रहँदै आएको अमेरिकी सहयोग नेपालका लागि सराहनीय छ ।

सन् १९५० मा ब्रिटिश संरक्षित राणा 'रेजिम'को अन्त्य भए पश्चात् वर्तमान भारत, चीन र अमेरिका (पश्चिमा) शक्तिहरूका बीच नेपाललाई आफ्नो प्रभाव क्षेत्र बनाउन चलेको होडबाजीमा नेपाल वर्षौंदेखि रुमल्लिएको छ । यस्ता भूराजनीतिक प्रतिस्पर्धाले एक हदसम्म मुलुकलाई लाभ पनि गराउँछ । उदाहरणका लागि अमेरिका र तत्कालीन सोभियत संघबीचको शीतयुद्धकालमा असंलग्न नीति अपनाएर यी मुलुकलाई समदूरीमा राखी नेपालले पर्याप्त सामरिक एवं आर्थिक लाभ उठाएको थियो । त्यसबखत अमेरिकी, भारतीय, चिनियाँ एवं सोभियत सहयोगमा नेपालमा उद्योगधन्दा एवं भौतिक पूर्वाधारहरूको व्यापक निर्माण भएको थियो ।

तर पछिल्लो समयमा नेपालको व्यवस्था बदलिएसँगै भूराजनीतिक अवस्था बदलिएको छ । अहिलेको भूराजनीति प्रतिस्पर्धामा अमेरिका र चीन रहेका छन् । यो बदलावसँगै नेपालको असंलग्नतामा पनि बदलाव आउन लागेको हो भनी वरिष्ठ राजनीतिज्ञहरू स्वयंबाट प्रश्न उठ्न थालेको छ । बाघ पनि कराउनु र बाखो पनि हराउनु भने झैं यसै बेला चिनियाँ लगानीका परियोजनाहरूलाई नेपालमा निरुत्साहित पार्ने केही निर्णय हुन थालेकोमा चिनियाँहरूको चिन्ता छ । जस्तो कि विना प्रतिस्पर्धा क्याबिनेट निर्णयबाट पश्चिम सेती जलविद्युत् परियोजना भारतलाई दिन मिल्ने तर त्यसरी नै दिइसकेको बूढी गण्डकी परियोजना चीनबाट खोस्ने काम भएको छ । हाललाई चिनियाँ 'बीआरआई' कर्जा पनि लिन नसकिने भनी गरिएको निर्णय आदिले चीनलाई हेर्ने नजरिया परिवर्तित भएको छर्लङ्ग हुन्छ । चीन विरोधी तिब्बती शरणार्थीको गतिविधि बढाइएको छ । रूस-युक्रेन मामलामा त झन् रूस विरोधी अमेरिकी गठबन्धनलाई राष्ट्रसंघमा गरेको समर्थनबाट नेपाल अब अमेरिकी 'एलाइन्स नेशन' बन्न उद्यत रहेको बुझ्न सकिन्छ । 'एसपीपी' सम्झौतामा अमेरिकी सैनिक गतिविधिलाई औपचारिकता मिल्ने भएकोले नेपाल अब अमेरिकाको सामरिक परिधिभित्र रहेको उसको 'क्लाइन्ट नेशन' हुने आम बुझाइ छ ।

सरकारले मौखिक रूपमा असंलग्न परराष्ट्र नीतिकै बचाउ गरिरहे तापनि व्यवहारमा त्यो अत्यन्त जटिल बन्दै गएको छ । आफ्नो 'इण्डो प्यासिफिक' सुरक्षा रणनीति अनुसार चीन विरुद्ध मोर्चाबन्दी गर्दै भारत हुँदै अमेरिका अहिले नेपालसम्म आइपुगेको भन्ने तर्क कमजोर छैन । भारतीय चश्माबाट नेपाललाई हेर्ने र भारतको सहमतिमा नेपाललाई उक्त रणनीतिमा हिस्सेदार बनाउने अमेरिकी चालले नेपालको अर्को छिमेकी चीनसँगको सम्बन्धमा अप्ठेरो पर्ने निश्चित छ । के परिवर्तित भूराजनीतिमा असंलग्न नीतिबाटै नेपालले अमेरिका र चीनलाई सन्तुलनमा राख्न सक्दैन त ? के अमेरिका र चीनले नेपालमा 'जिरो सम गेम' खेल्न थालेका हुन् ? यी प्रश्नहरूको जवाफ सरकारले दिनैपर्छ ।

कूटनीतिमा 'जिरो सम गेम' भन्नाले कुनै लक्षित मुलुकमा एउटा शक्ति राष्ट्रको प्रभावलाई निमिट्यान्न पारी अर्को शक्ति राष्ट्रले आफ्नो एकलौटी वर्चस्व बढाउनु हो । नेपालमा भइरहेको भूराजनीतिक गतिविधिबाट अमेरिका र चीन 'जिरो सम गेम' खेल्न थालेको आभास सचेत नागरिकहरूले गर्न थालेका छन् । तिब्बत मामला उनीहरूको मुख्य गेम हो भने नेपालको भूमि त्यसको खेल मैदान । राजतन्त्रकालमा उक्त गेम चिनियाँहरूको 'फेवर'मा खेलाइन्थ्यो र तिब्बतीहरूलाई हराइन्थ्यो । तर गणतन्त्रकालमा अब यो गेम अमेरिकाको पक्षमा खेलाउने र तिब्बतीहरूलाई जिताउने तयारी हुँदै गरेको आशंका छ । नेपालका ठूला राजनीतिक दलहरूमाथि पश्चिमा शक्तिहरूले गरेका अनेकन् लगानीको 'डिभिडेण्ड' लिने बेला भएको देखिन्छ । नेपाली नेताहरूले अब यसो गर्न नचाहेमा ओली सरकारको तख्ता पलट भए झैं कुनै अनपेक्षित राजनीतिक घटना हुनसक्ने वा द्वन्द्वमा सहभागी एउटा पक्षलाई हेग पुर्‍याउन मार्गप्रशस्त पारिने जस्ता भय र चिन्ता स्वयं माओवादी नेताहरूबाट सुन्न थालिएको छ । तर शक्ति राष्ट्रहरू बीचका तिक्तता पनि भूराजनीतिक वातावरणमा भर पर्छ । विगतको समीक्षा गर्ने हो भने नेपाल मामलामा चीन र अमेरिका लडेका मात्र छैनन्, सँगै उभिएका पनि छन् । सन् १९७५ मा सोभियत संघसँग वैरभाव उत्पन्न भएपछि चीन अमेरिकी पोल्टामा गएको थियो । त्यसबखत तत्कालीन अमेरिकी राष्ट्रपति जेराल्ड फोर्ड र विदेशमन्त्री हेनरी किसिन्जरले चीनको भ्रमण गरेका थिए । उक्त समयमा भारतले सिक्किम विलय गरेको थियो । उक्त भ्रमणमा नेपाललाई अर्को सिक्किम हुन नदिन अमेरिकी अधिकारीहरूले चीनसँग समेत कुराकानी गरेको महत्वपूर्ण सूचना 'किसिन्जर फाइल्स'बाट खुल्न आएको छ ।

त्यसैगरी तत्कालीन माओवादी विद्रोही र नेपाल सरकारबीच भएको शान्ति प्रक्रिया सम्पन्न गराउन भनी नेपाल आएको राष्ट्रसंघीय मिसन 'अनमिन'लाई पनि भारत र चीनको आपसी समझदारीमा यहाँबाट हटाइएको छ । यसप्रकार पारस्परिक प्रतिस्पर्धी रहेका यी मुलुकहरूलाई विश्वासमा लिन सकेको अवस्थामा नेपालको भूराजनीतिक जोखिम कम हुने र स्थिरता पनि कायम रहने सम्भावना हुने रहेछ । तर यसका लागि सत्ताकेन्द्रित नभई राष्ट्रकेन्द्रित कूटनीति आवश्यक पर्छ जुन राजा महेन्द्रको समयमा भएको थियो । महेन्द्र कूटनीतिको तारिफ अमेरिकी मन्त्री किसिन्जर स्वयंले गरेका थिए । महेन्द्रकालीन समदूरी कूटनीति एक सफल कूटनीति थियो । समयसापेक्ष यसलाई समनिकट कूटनीतिमा रूपान्तर गर्न आवश्यक छ ।

यी मुलुकहरूसँग समनिकटताको सम्बन्ध कायम राख्न नेपालले केही न केही 'गिभ एण्ड टेक' गर्नैपर्छ । चीनले चाहे झैं तिब्बतीहरूमाथि पञ्चायतकालीन निर्मम दमन नगर्ने र उनीहरूलाई केही प्रशासकीय एवं सांस्कृतिक सुविधाबाट पनि वञ्चित नगर्ने हो भने अमेरिकाले यस मामलामा थप टाउको दुखाइ गर्न पर्दैन ।

तर अमेरिकी नागरिक सुरक्षा, प्रजातन्त्र र मानवाधिकार उपमन्त्री एवं तिब्बत मामलाकी विशेष संयोजक उज्रा जेयाको हालै भएको नेपाल भ्रमणसँग जोडिएका केही विषय सन्देहात्मक छन् । यो कतै तिब्बती शरणार्थी मामिलासँग जोडिएको विषय त होइन भन्ने आशंका जन्मिएको छ । एसपीपी सम्झौता अनुसार हिमाली भेगमा हुने भनिएको अमेरिकी सैन्य गतिविधिले यस्ता विद्रोहलाई पक्कै पनि मलजल गर्न सक्छ ।

-बाँकी ३ पेजमा....

# ‘दुग्ध विकास वोर्ड बलियो नभएसम्म दुग्ध क्षेत्र नै बलियो बन्न सक्दैन’

यहि असार १० र ११ गते मकवानपुर, हेटौंडाको पल्पसा प्यालेसमा नेपाल डेरी एसोसिएसनको २२ औं वार्षिक साधारणसभा तथा ८ औं राष्ट्रिय महाधिवेशन हुँदैछ । एसोसियसनको साधारणसभा, महाधिवेशन तथा एक दिने डेरी मेलाको विषयमा नेपाल डेरी एसोसिएसनका केन्द्रिय महासचिव **प्रल्हाद दाहाल**सँग गरिएको समसामयिक विषयमा *साझाकुरा*ले गरेको कुराकानी...



***१. तपाईंको आफ्नो परिचय र यस क्षेत्रमा तपाईं संलग्न भएको समयका साथै अनुभवका बारेमा केहि बताईदिनुस् न ?***

म प्रल्हाद दाहाल, जन्म मेरो अनैकोट गाविस वडा नं. २, ज्यामिरकोट हनल पाँचखाल नगरपालिका वडा नं. २ काभ्रे हो भने अहिले चाहिं काठमाडौं बुढानिलकण्ठ नगरपालिका वडा नं. ८, सुन्दरबस्तीमा बस्छु । मेरो बुबा चित्रप्रसाद दाहाल र आमा हरिमाया दाहालको कोखबाट २०३३ साल जेठ १८ गते मेरो जन्म भएको हो । मैले २०६२ सालबाट मैले डेरी व्यवसायमा प्रवेश गरेको हो । शुरुमा मैले घरेलु डेरीको रुपमा काठमाडौंको धुम्बाराहीमा शुरु गरें ।

हाल हिमालयन डेरी एण्ड एग्रोभेट रिसर्च सेन्टर प्रा.लि काभ्रेको पनौती नगरपालिका वडा नं. ३, कुशादेवीमा रहेको छ । २०६३ सालबाट नेपाल डेरी एसोसिएसनामा प्रवेश गरि एक कार्यकाल केन्द्रिय सदस्य, ३ कार्यकाल महासचिव र एक कार्यकाल उपाध्यक्षको पदमा रहि काम गरिरहेको छु ।

***२. नेपाल दुध जन्य पदार्थमा कहिले आत्मनिर्भर बन्छ ?***

नेपालमा हाल दैनिक ६२ लाख लिटर दुध उत्पादन हुन्ध । उत्पादन र बजारको अवस्था हेर्दा २० प्रतिशत नपुग छ । त्यो पनि सरकारले थोरै सहयोग गर्ने हो भने पूर्ति गर्न सकिन्छ । अहिले पनि विभिन्न कारण हाम्रो देशको कुल उत्पादनको आधा हिस्सा ३१ लाख लिटर दुध बजारसम्म आईपुगेकै छैन । अब देशका प्राय विकट ठाउँमा पनि बाटोघाटो, बिजुली पुगिसक्यो । आशा गरौं क्रमैसंग केहि वर्षमा अब नेपाल दुधमा पूर्ण आत्मनिर्भर हुन्छ । त्यसकोलागि सबैभन्दा पहिला आधिकारिक निकायबाट पहल कदमी हुन जरुरी छ ।

***३. नेपालमा दुधजन्य पदार्थको पछिल्लो अवस्था के छ ?***

नेपालमा डेरीको इतिहास त्यस्तो धेरै लामो छैन तर पनि २००९ सालदेखि हालसम्म आउँदा निजि क्षेत्रको बजार ६० प्रतिशत छ भने दुग्ध विकास संस्थानको ४० प्रतिशत छ । बजारको ८० प्रतिशत माग नेपालको उत्पादनले धानेको छ भने अरु नपुग २० प्रतिशत विभिन्न अन्य देशबाट आयात भएको छ । नेपाल ड्ब्लु टि ओको सदस्य भएको नाताले अब हाम्रा उत्पादनले पनि विदेशी उत्पादनसंग प्रतिस्पर्धा गर्न सक्ने बन्नु पर्ने चुनौती भने छ । अहिले पनि जम्मा १७ प्रतिशत दुध मात्र फर्मल सेक्टरमा लेबलिङ्ग र प्याकेजिङ्ग गरेर सामान बजारमा लान सकेका छौं । बाँकी दुध अहिले पनि त्यत्तिकै खुल्ला रुपमा विक्ति भईरहेको छ । दुध तथा दुग्ध जन्य पदार्थको खपत राम्रै छ । आशा छ सरकारले अरु सहयोग गरि राम्रो बनाउन सहयोग पुऱ्याउने नै छ ।

***४. दुधजन्य पदार्थको उत्पादन क्षेत्रमा मुख्य मुख्य समस्या के के हुन् ?***

नेपालको भौगालिक अवस्था नै मुख्य समस्या हो । यहाँ एक ठाउँबाट अर्को ठाउँमा आउन जान नै कठिन छ । दुधको आयु अत्यन्तै कम हुन्छ । निश्चित समय भित्र के गर्ने हो गरि सक्नुपर्दछ ।

लामो समय लगाएर ल्याएको दुध गुणस्तर कायम रहिरहन सक्दैन । त्यसपछि यसबाट बन्ने सामान पनि राम्रो हुँदैन । यहाँ सामान उत्पादन गर्न गुणस्तर युक्त कच्चापदार्थ नभएरै समस्या भएको हो । बजारीकरणको समस्या होइन । माग अनुसार सामान पुऱ्याउन नसक्नु एउटा समस्या छ अनि पछि आफ्नो बजार गुमेर बजार नै नपाउनु अर्को समस्या छ । हामीले हाम्रा उत्पादनलाई जबसम्म विदेशी उत्पादनसंग प्रतिस्पर्धा गर्न सक्ने बनाउन सक्दैनौं तबसम्म यहाँका हाम्रा समस्या जस्ताको तस्तै रहन्छन् । यसका लागि राज्य तहबाट सहयोग पुग्न आवश्यक छ ।

***५.किसानले उत्पादन गरेको दुको मूल्य पाएका छन् कि छैनन् ?***

हाम्रो देशको कृषि प्रणाली नै निर्वाहमुखि छ । सर्वप्रथम त उत्पादन लागत घटाउन व्यवसायमुलुक तरिकाले काम गर्नुपर्दछ । अर्को कुरा हाम्रो देशमा गाउँका आफ्ना रोपनीका रोपनी जग्गा बाँझो राखेर शहरमा आना जग्गा भाडामा लिई पशुपालन गर्ने, पशुपंक्षीहरुलाई घाँस, पराल भुष्सा भन्दापनि दाना पिठो खुवाएर दुध उत्पादन गर्दा उचित मुल्य पाउन सक्ने वातावरण नै हुन सक्दैन । त्यसैले अहिले हेर्दा किसानले मूल्य नपाएको देखिन्छ तर त्यसलाई कम गर्न गाउँघरमा व्यवसायी तरिकाले गाईभैसी पालनुपर्छ अनि मात्र लागत मूल्य कम हुन गइ किसानले उचित मूल्य पाउने देखिन्छ ।

***६. राष्ट्रिय दुग्ध विकास वोर्डले दुग्ध उत्पादक एवं व्यवसायीहरुको सम्बन्धमा गरेका कदमहरु प्रति सहमति वा असहमति के के छन् ?***

राष्ट्रिय दुग्ध विकास वोर्ड हामी दुधसंग सम्बन्ध राख्ने सबै निकायको अभिभावक संस्था हो । यसले जहिले पनि सरोकारवालाको हितमा आफ्ना गतिविधिहरु ग्रिरहेको हुन्छ । हालसम्म वोर्डले गरेका कुराहरु सरकारात्मक नै छन् तर मन्त्रालयले यसलाई दिने बजेट कम भएका कारण जसरी जे जे काम हुनुपर्ने थियो त्यो त्यो काम भने हुन सकेका छैनन् । अन्य देशको वोर्ड हेरी हाम्रो देशको वोर्ड अत्यन्तै कमजोर छ । जबसम्म वोर्ड बलियो हुँदैन तबसम्म दुग्ध क्षेत्र नै बलियो बन्न सक्दैन । वोर्डले गरेका सबै काममा हाम्रो सहमती नै रहने गर्दछ तर कहिले काहिं भने नितिगत कुरा हुँदा विमति पनि रहने गर्दछ तर ती सबै कुरा छलफल पछि सहमतीमा पुग्ने गरिन्छ ।

***७. पाउडर दुधको उत्पादनमा नेपाली बजार अझै कमजोर हुनुका मूख्य कारणे के हो ?***

पाउडर दुध बनाउन एकदमै फ्रेस दुध चाहिन्छ तर हाम्रा देशमा भौगालिक कारणले गर्दा आजको आजै वा पूरा चिसो बनाएर दुध सम्बन्धित स्थानमा पुऱ्याउन पनि कठिन छ । अर्को कुरा हामी कहाँ पाउडर दुधको कारखाना लगाउन र भएका पनि संचालन गर्न कठिन छ । अर्को कुरा हामीकहाँ पाउडर दुध कारखाना पनि उचित स्थानमा छैनन् । पाउडर दुध कारखाना उत्पादन बढि हुने र बजार हुने स्थानमा हुनु पर्दछ । जसले गर्दा सजिलै पाउडर बनाउन सकियोस् । तर हाम्रो देशमा पाउडर दुध बनाउन लैजाँदा २/३ दिन समय लाग्छ । त्यसो हुँदा यातायात खर्च बढ्न जान्छ र लागत बढि भई बजारमा विक्रि गर्न पनि कठिन हुन्छ । अर्को कुरा समयमा नै दुध कारखानाम नपुग्दा दुधको गुणस्वरमा कमि हुन आउँछ र राम्रो पाउडर बन्न सक्दैन । जबसम्म व्यवासीक मुलक तवरले व्यवसायीक मुलुक पशुपालन र उपयुक्त स्थानमा धुलो दूध कारखाना रहँदैन तबसम्म यस्तै समस्या रहिरहन्छ ।

***८. यसपालि ८ औं राष्ट्रिय महाधिवेशन हुँदै गर्दा तपाईंले अध्यक्ष पद दावी गरेको हल्ला पनि छ, कुरा हो ? तयारी कस्तो के गर्दै हुनुहुन्छ ?***

कुनै पनि संगठनमा कोहि व्यक्ति निरन्तर लागिरहन्छ भने यसले संगठनको सर्वोच्च पदमा पुग्न इच्छा गर्नु स्वभाविक नै हो । तर संगठनमा केहि कसैले आफैं इच्छा गरेर मात्र हुँदैन । सबै साथीहरुले सल्लाह गरेर को उचित हुन्छ त्यो व्यक्ति छानेर नेतृत्व दिन कुरा हुन्छ । त्यसैले म आफू एक पटक केन्द्रिय सदस्य, ३ पटक महासचिव र एक पटक उपाध्यक्ष पदमा रहि १७ वर्षसम्म निरन्तर संगठनमा काम गरेको छु । सकेसम्म संगठनलाई सहयोग नै गरेको छु । सबै साथीभाईहरुसंग सहकार्य गरेको छु । होला अब कहिलेकाहिं काम गर्दा सबैको चित्त नबुझेको हुन सक्छ । तर मैले जानेर कसैको पनि कहिल्यै पनि नराम्रो हुने काम गरेको भने छैन । यदि साथीभाईहरुले हुन्छ भन्नुभयो भने यस पटक अध्यक्ष बन्न म तयार नै छु । अब तयारी भनेको खासै यस्तै त हो ।

म नै जसरी नि बन्नु नै पर्छ भन्ने छैन तर जसले सोध्नु भएको छ र प्रसंग निक्लेको बेलामा भने अध्यक्ष बन्नु पऱ्यो सहयोग गर्नुस् है भन्ने गरेको छु । साथीभाईहरुले पनि यस पटक तपाईं नै अध्यक्ष बन्नुपर्छ भन्नु भएको छ । संगठनमा बसेर काम गर्ने कुरा छ, समय दिने, खर्च पनि गर्ने कुरा पनि हुन्छ । त्यसैले हाम्रोमा मरिहत्ते गरेर यहि नै हुनुपर्छ र यो चाहिँ हुनुहुँदैन भन्ने छैन । आशा छ म साझा मान्छेको रुपमा रहि सर्वसम्मतमा नै अध्यक्ष हुनेछु ।

***९.नेपाल डेरी एसोसिएसनको विभिन्न पदमा रहि लामो काम गर्नुभयो, तपाईंको नेतृत्वले गरेका कामहरु के के छन् ?***

नेपाल डेरी एसोसिएसनले आफ्ना सदस्यहरुको हितमा काम गर्दछ । विशेष गरि निति नियम बनाउने बेला सुझाव दिने, गलत लागे विरोध गर्ने र कहिं कतै अप्ठ्यारो परे त्यसलाई सच्याउन प्रयत्न गर्ने गर्दछ । हामीले समग्र दुग्ध क्षेत्रको हितको लागि धेरै सकारात्मक काम गरेका छौं । दुधको मूल्य निर्धारणका लागि वैज्ञानिक निति तयार छ, दुध बोक्न गाडीमा प्रयोग गर्ने प्रतिक चिन्ह लोगो बनाउने काममा वोर्डलाई पूर्ण सपोर्ट गरियो ।

दुध निति, अन्य दुधसंग आवश्यक नितिनियम बनाउन र चनात्मक भुमिका खेलियो । देशमा दुध तथा दुग्ध पदार्थ बढि हुँदा बाहिरबाट आयात रोक्ने र यहाँ कम हुँदा निर्यात खोल्ने प्रयास गर्ने, सदस्यहरुलाई आवश्यक नितिगत सहयोग गर्ने, प्राविधिक तालिम दिने, आवश्यक परामर्ष गर्ने, कृषिमा वैदेशिक लगानी आउन खोज्दा त्यसको बिरोधमा नेतृत्वदायी भुमिका खेल्ने जस्ता कामहरु एसोसिएसनले गर्ने गर्दछ ।

***१०. हेटौंडामा तपाईंहरुको महाधिवेशनसँगै अरु के के कार्यक्रम हुँदै छ ?***

महाधिवेशनसँगै हामीले राष्ट्रिय दुग्ध विकास बोर्डसँगको सहकार्यमा एक दिने डेरी मेला पनि हुँदैछ । त्यसै गरि हामी हाम्रा वर्तमान समस्या, नितिगत समस्या र आगामी कार्यक्रमका बारेमा घनिभुत रुपमा छलफल हुनेछ । हामीले ९ गते २ बजे पल्पसा प्यालेसमा प्रेस मिट, १० गते बिहान ७ बजे ऱ्याली, १० गते नै १० बजेदेखि ४ बजेसम्म डेरी मेला, १० गते नै फेरि ३ बजे हाम्रो एसोसिएसनको महाधिवेशन प्रदेश कृषि मन्त्री बशुन्धारा हुमागाईंले उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।

त्यसै गरि ११ गते एसोसिएसनको बन्द सत्र कार्यक्रम रहनेछ । बन्द सत्र कार्यक्रममा एसोसिएसनका नितिगत कुरामा छलफल, भावी योजना, वर्तमान समस्याको छलफल आदि विषयमा छलफल हुनेछ । अन्त्यमा आगामी ३ वर्षको लागि नयाँ नेतृत्वको चयन हुनेछ । आशा छ यस पटकको नेतृत्व सर्वसम्मत रुपमा चयन हुनेछ ।

# मलको अभावका कारण तराईमा धान खेतहरू अझै बाझो




बारा, ८ असार/ रोपाइँको सिजनको मध्यमा पर्ने असार १५ आउन एक हप्ता मात्र बाँकी रहँदा बारामा भने रोपाइँ सुरु पनि भएको छैन । उसै पनि आकाशे पानीको भरमा हुने खेतीमा वर्षा नभएर माटो भित्रको आद्रताको अभाव हुँदा बिडमा बिउ हाल्ने काम करिब एकदेखि २ हप्ता सम्म ढिलो भएको छ ।

त्यस माथि मल पनि नपाइने भए पछि बिउ उम्रिसकेका खेतमा पनि किसानले रोपाइँ सुरु गरेका छैनन् । यसरी मल नपाइने भए पछि अन्नको भण्डार भनिने मध्य तराईको जिल्ला बारा, पर्सा, रौतहटमा रोपाइँ प्रभावित भएको छ । खेतहरू बाँझै रहेका छन् ।

कलैया उपमहानगरपालिकाका नगरप्रमुख बिनोद शाहका अनुसार सिँचाइको समस्या दोहोरिने गरेको भए पनि किसानहरूले दमकल लगाउने, नदीमा बाँध लगाउने जस्ता उपाय अपनाउने गरेका छन् । मल अभावसँग जुध्ने जुक्ति अब नरहेको उनले बताए ।

कृषि ज्ञानकेन्द्रको रेकर्ड अनुसार यी जिल्लाहरूमा १५० देखि १६० हजार हेक्टरसम्म धान खेती हुन्छ । धान यहाँको मुख्य बाली हो । भदौ असोज मैं काटिने सारो धान छिटफुट रोपिएका छन् । तर यो पटक भने यी जिल्लामा २० प्रतिशत पनि रोपाइँ भएको छैन । अरु तराईका जिल्लाहरुको पनि अवस्था उस्तै छ ।

यता कृषि सामग्री कम्पनीको वीरगञ्ज स्थित मलको प्रवेश बिन्दु तथा मधेस प्रदेश कार्यालयका अनुसार कम्पनीले खरिद गरेको मल कहिले आइपुग्ने यकिन हुन सकेको छैन । असारको तेस्रो सातासम्म मल यहाँ आइपुग्ने आँकलन गरिएको कार्यालयका सूचना अधिकारी आलोककुमार झाले बताए ।

झाका अनुसार ग्लोबल टेन्डर मार्फत खरिद गरिएको ४० हजार टन डिएपी र ३० हजार टन युरिया गरी ७० हजार टन मल अहिले आयात हुने प्रक्रियामा रहेको छ र ‘जि-टु-जि’ (गभर्नमेन्ट टु गभर्नमेन्ट) प्रक्रियामा यस पाली खरिद गरिएको डेढ लाख टन मल नेपाल ल्याउन पहल गरिरहेको कम्पनीले जनाएको छ । हिजो मात्रै कायम मुकायम प्रबन्ध सञ्चालक राजेन्द्र बहादुर कार्कीको नेतृत्वमा ३ सदस्यीय टोली भारत गएको प्रदेश कार्यालयका सूचना अधिकारी झाले बताए । त्यस्तै साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले डिएपीको बितरण यहाँ सुरु गरे पनि माग भन्दा निकै कम परिमाणमा आपूर्ति हुँदा त्यसबाट अझ बितरण कसरी गर्ने भने सकस भएको छ । गत जेठ २१ मा साल्ट ट्रेडिङको २० हजार टन डिएपी नेपाल भित्रिएको थियो ।

सो कम्पनी मार्फत आयात हुन लागेको २२ हजार टन युरिया हल्दिया बन्दरगाहबाट हिडिसकेर ५ दिन भित्र आइपुग्ने अनुमान गरिएको वीरगञ्ज स्थित कार्यालयका प्रमुख अनोज लामिछानेले बताए । -खबरहब

# बागबजारको पानीमा भेटियो हैजा फैलाउने जीवाणु



काठमाडौं/ हैजा देखिएका काठमाडौंको बागबजारका दिदी बहिनीमा धारा र ट्युवबेलको पानीबाट हैजा संक्रमण भएको पुष्टि भएको छ ।

स्वास्थ्य विभाग अन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. चुम्मनलाल दासका अनुसार उनीहरूले पिउने पानीको नमुना परीक्षण गर्दा इकोली र कोलीफर्म नामक जीवाणु भेटिएको छ । इकोली र कोलीफर्म मानिसको दिसामा रहने संक्रामक जिवाणु हो ।

‘धारा र ट्युवबेलबाट आएको पानीको नुमना परीक्षण गरेका थियौं । रिर्पोटमा घातक जीवणु कोलोफर्म र इकोली नै भेटियो,’ डा. दासले अनलाइनखबरसँग भने । हैजा देखिएका अन्य क्षेत्रको पनि पानीको नमुना परीक्षण भइरहेको उनले जानकारी दिए ।

महाशाखाका अनुसार अहिलेसम्म ५ जनामा हैजा पुष्टि भइसकेको छ । बुधबार डिल्लीबजारमा हैजाको नयाँ केस पुष्टि भएको छ । ‘बागबजार तथा अन्य हैजा देखिएको ठाउँका मानिसलाई अलर्ट गरिसकेको छौं । पानी उमालेर मात्रै खानु भनेका छौं,’ डा. दासले भने, ‘केसहरु एक ठाउँमा मात्रै छैन । ठाउँ-ठाउँमा देखिएको छ । अब आउटब्रेक हुनसक्छ ।’ -साभार: अनलाइन

# तातो बहसमा...

यस्ता आशंकाहरूलाई दृष्टिगत गरी सन् २०१९ मा चिनियाँ राष्ट्रपति सी जिन पिङले नेपाल भ्रमणकै दौरानमा यी गतिविधि गर्नेहरूको हड्डी धुलोपीठो पारिदिने भनी दिएका सार्वजनिक चेतावनीलाई कम आँक्नु हुन्न ।

इण्डो प्रशान्त अमेरिकी सैन्य रणनीति ‘आईपीएस’मा नेपालको आधिकारिक संलग्नता नसुनिए पनि व्यवहारमा यस्ता गतिविधि प्रशस्तै देख्न थालिएको छ । हाल मात्रै यस संस्थाका प्रमुख चार्ल्स ए फिलनले नेपाल भ्रमण सम्पन्न गरेका थिए । ‘एमसीसी’ सम्झौतापछि अमेरिकी पदाधिकारीहरूको नेपाल भ्रमण निकै बाक्लिएको छ । उनीहरूले देउवा सरकार र नेपाली सेनामा राम्रो पकड कायम गरेका छन् । एकपछि अर्को सम्झौता गर्ने क्रममा अमेरिकाले नेपालसँग ‘एसपीपी’ सम्झौतामा हस्ताक्षर गर्ने भएको थियो ।

सायद नेपालका प्रधानमन्त्री र प्रधान सेनापतिको आसन्न अमेरिका भ्रमण मुख्यत: यसैमा केन्द्रित हुँदै थियो । यदि यी भ्रमणहरू अमेरिकी सामरिक उद्देश्यले मात्र भइरहेका छन् भने चीन र भारतले पक्कै जोखिम महसुस गरिरहेको हुनुपर्छ । त्यसैले पनि हुनसक्छ प्रधानमन्त्री पत्नी आरजू राणा भारतलाई सन्तुलनमा राख्नका लागि नयाँदिल्ली पुगेकी थिइन् । चीनलाई पनि यसैगरी विश्वासमा लिने यस्ता कुनै पहल देउवा सरकारले गरेको देखिएन । सायद अर्को कुनै भूराजनीतिक दबावमा ‘एसपीपी’ सम्झौताबाट हाललाई देउवा सरकार पछि हट्ने संकेत गरेको छ ।

एवं प्रकारले नेपालको विषयलाई लिएर महाशक्ति राष्ट्रहरूबीच सामरिक टकराव भइरहेको यो ‘क्रिटिकल’ समयमा प्रधानमन्त्री देउवाको आसन्न अमेरिका भ्रमण आफैंमा महत्वपूर्ण हुनसक्छ । देउवाको अमेरिका भ्रमणमा भारत र चीनको संवेदनशीलतालाई किमार्थ बेवास्ता गरिनुहुन्न । नेपालको जटिल भूराजनीतिक संवेदनशीलताका सम्बन्धमा अमेरिकीहरूलाई ‘कन्भिन्स’ गरी भारत, चीन र अमेरिकालाई नेपालमा ‘जिरो सम गेम’ खेल्नबाट रोक्नुपर्छ । नेपाल-अमेरिका सम्बन्ध यो दिशामा अघि बढ्दा मात्र नेपालमा स्थायित्व हुन्छ । -अनलाइन

# अफगानिस्तानमा गएको भूकम्पमा मृतकको संख्या १ हजार पुग्यो अरु १५ सय घाइते



काठमाडौं/ अफगानिस्तानमा गएको भूकम्पमा परी मृत्यु हुनेको संख्या १ हजार पुगेको छ । भूकम्पबाट सबैभन्दा धेरे प्रभावित पाक्टिका प्रान्तका सूचना प्रमुख मोहम्मद अमिन हफिजीले मुलुकमा गएको भूकम्पका कारण १ हजार जनाको मृत्यु भएको बीबीसीलाई जानकारी दिएका हुन् ।

दक्षिणपूर्वी अफगानिस्तानको पाक्टिका प्रान्तस्थित खोस्त सहरबाट ४४ किलोमिटर टाढा केन्द्रविन्दु बनाइ गएको भूकम्पमा अरु १५ सय जना घाइते भएका छन् । तालिबानका नेता हैबतुल्लाह अखुन्दजादाले भूकम्पका कारण सयौं घरहरु ध्वस्त भएको र मृतकको संख्या बढ्नसक्ने बताएका छन् ।

यससँगै यो भूकम्प अफगानिस्तानमा दुई दशकयताकै घातक रहेको बीबीसीले जनाएको छ । सामाजिक सञ्जालमा शेयर गरिएका तस्वीर एवम् भिडियोहरुमा उद्धारकर्ता तथा खोजकर्ताहरुले भवनका भग्नावशेषबाट निकालिएका घाइतेहरुलाई स्ट्रेचरमा राखेर लगिरहेको देखिन्छ ।

स्थानीय समयअनुसार बिहान साढे १ बजेतिर गएको भूकम्पको केन्द्रविन्दु अफगानिस्तानको दुर्गम क्षेत्रमा रहेकाले त्यहाँ उद्धार एवम् राहत कार्यमा समस्या उत्पन्न भएको र हेलिकोप्टर तथा अन्य उपकरणको प्रयोग गरी खोजी तथा उद्धार कार्य जारी राखिएको बताइएको छ ।

‘दुर्भाग्यवश गएराति पाक्टिका प्रान्तको चार जिल्लामा शक्तिशाली भूकम्पको महसुस गरियो, यसका कारण हाम्रा सयौं देशवासी मारिए एवम् घाइते भए भने दर्जनौं घरहरुमा ध्वत भए ।’ अफगानिस्तानमा तालिबान सरकारका प्रवक्ता बिलाल करिमीले सामाजिक सञ्जाल ट्विटर मार्फत जानकारी दिएका छन् । ‘हामी सबै सहयोगी निकायहरुलाई सो क्षेत्रमा तत्काल परिचालन हुन आग्रह गर्दछौं ।’ अफगानिस्तानमा गएको भूकम्पको धक्का छिमेकी मुलुकहरु पाकिस्तान र भारतसम्म महसुस गरिएको बीबीसीले जनाएको छ । यद्यपि भूकम्पका कारण अफगानिस्तानमा बाहेक अन्यत्र कुनै क्षतिको विवरण भने नआइसकेको बीबीसी उर्दूले जनाएको छ ।

अफगानिस्तानमा प्रायजसो भूकम्पहरु जाने गरेको बताइन्छ । पछिल्लो १० वर्षमा मात्र भूकम्पका कारण अफगानिस्तानमा ७ हजार भन्दा धेरैको मृत्यु भइसकेको बीबीसीले उल्लेख गरेको छ ।

-साभार:खबरहब

# भारतीय सेना प्रमुख नेपाल आउँदै

काठमाडौं/ भारतीय सेनाका प्रमुख मनोज पाण्डे आगामी अगस्त महिनामा नेपाल आउने भएका छन् ।

नेपालको परराष्ट्र मन्त्रालयलाई उद्धृत गर्दै भारतीय सञ्चारमाध्यमले नेपाल भ्रमणका क्रममा पाण्डेलाई राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाली सेनाको मानार्थ सेना प्रमुख पदबाट सम्मानित गर्ने उल्लेख गरेका छन् ।

-साभार: रातोपाटी

**आकर्षक घडेरी बिक्रिमा**

हेटौंडा उपमहानगरपालिका-१२ हात्तिगौडा, रमेशचोकमा १० धुरको आकर्षक घडेरी बिक्रीमा छ । पानी, विजुली र राम्रो बाटो पुगेको मुख्य चोकमा अवस्थित घडेरी किन्न इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोस् ।
सम्पर्क: ९८४५०७१०६५, ९८४५२९०३९१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

**हार्दिक समवेदना**



स्व. डा . गणेशकुमार पौडेल

यस साझाकुरा राष्ट्रिय दैनिक पत्रिकाका शुभचिन्तक, स्तम्भकार तथा मार्गनिर्देशक **डा. गणेशकुमार पौडेल**को असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति ईश्वरले धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

सविन न्यौपाने (प्रकाशक) सरला खनाल(सम्पादक) *एवम्*

**साझाकुरा राष्ट्रिय दैनिक परिवार**

**बहराइनम वैदेशिकको अवसर** | कम्पनी: AL RAYAH FOR SAFETY ITEMS WLL शहर: BAHRAIN

पूर्व स्वीकृत मिति: २०७८/०१/२० चलानी नं.: ६०१५८२८१ LT. No.: 240040 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 5 | सम्बन्धित काममा दक्ष | 120 | ३९,५५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Supervisor | 10 | 0 | | 200 | ६५,९२२ | | | | | | | |
| 3. | Light Vechcle Driver | 5 | 0 | | 150 | ४९,४४१ | | | | | | | |
| 4. | Heavy Vehicle Driver | 5 | 0 | | 170 | ५६,०३३ | | | | | | | |
| 5. | Cctv Operator | 5 | 0 | | 150 | ४९,४४१ | | | | | | | |

फाइनल अन्तरवार्ता २०७९ असार ९ गते बिहीबार होटल तिरुपति चितवनमा कम्पनीका प्रतिनिधिद्वारा हुँदैछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

श्रम ई. पत्र नं.: १०३९/०७३/०७४

Sky Of The World Manpower Pvt. Ltd.
Tilganga-9, Kathmandu, Phone :4491316, 980717870
चितवन सम्पर्क : 9855063454, 9806595102

# भलिबल संघमा 'बिद्रोह'पछि सिटौला बने अध्यक्ष

साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ मकवानपुर जिल्ला भलिबल संघको अध्यक्षमा बसन्तकुमार सिटौला चयन भएका छन् । बुधबार हेटौंडामा भएको संघको पाँचौ अधिवेशनले सिटौलालाई अध्यक्षमा चुनेको हो ।

सिटौलाको नेतृत्वमा संघको १३ सदस्यीय नर्या कार्यसमिति चयन भएको छ । संघमा उपाध्यक्ष ईन्द्रप्रसाद सञ्जेल र चुडा खड्का, महासचिवमा सन्तोष श्रेष्ठ र कोषाध्यक्षमा शंकर कार्की चयन भएका छन् । सदस्यहरुमा मनोज लामा वाईबा, ईन्द्र बज्राचार्य, कमल बिडारी, सजिता पोखरेल, सिशम माझी, राजु घले र रञ्जन अमात्य चयन भएका हुन् । सदस्यमा पछि २ जना थप गरिने संघका अध्यक्ष सिटौलाले जानकारी दिए ।

संघका अध्यक्ष बिन्द्रलाल श्रेष्ठको सभाध्यक्षता तथा नेपाल भलिबल संघका केन्द्रीय उपाध्यक्ष कुमारराज सुवेदीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । जिल्ला भलिबल संघमा सिटौलाको नेतृत्व र यसअघि संघको सदस्यता नै नपाएका तर, भलिवलमा ठूलो योगदान पुऱ्याएकाहरु कार्यसमितिमा



चयन हुनुलाई 'बिद्रोह'का रुपमा हेरिएको छ । भलिबल संघमा निवर्तमान अध्यक्ष श्रेष्ठले दुई कार्यकालभन्दा बढी समय नेतृत्व गरेका थिए । श्रेष्ठ र उनको कार्यसमितिले भलिबल संघ निश्क्रिय भएको भन्दै युवा खेलाडी, प्रशिक्षक तथा अम्पायरहरुले आलोचना गर्दै आएका थिए ।

संघले बुधबार भएको अधिवेशनअघि पुरानो सदस्यता नवीकरणका लागिमात्रै एक पत्रिकामार्फत् सूचना जारी गरेका थिए । नवीकरणका लागि सूचना आएपनि नयाँ सदस्यता नखुलाएको भन्दै युवा खेलाडी, प्रशिक्षक र अम्पायरहरु भित्रभित्रै मुरमुरिएका थिए । उक्त सूचना पनि संघको नेतृत्वले गोप्यरुपमा निकालेको आरोप लागेको थियो । 'भलिबल संघमा वर्षौंदेखि पुराना मान्छेहरुले हक जमाएर बस्नु भएको थियो । संघमा युवाहरुलाई प्रवेशमा अघोषित निषेध जस्तै थियो । जब की भलिवलमा ठूलो योगदान पुऱ्याएकाहरु नै बाहिर थिए', नयाँ सदस्यता नखुलाएको झोँकमा नाम नलेख्ने सर्तसहित पूर्वखेलाडीले *साझाकुरा*सँग भने ।

'संघमा फेरि पुरानाहरुले हक जमाउने कुरो थियो । हाम्रो बिद्रोहले युवाहरुलाई संघमा लैजान सफल भएका छौं', उनले थपे । उनीहरुले सिटौलालाई अध्यक्ष बनाउने गरी पूर्वतयारी नै गरेका थिए । तयारीअनुसार सिटौला नै अध्यक्ष भएको स्रोतको दाबी छ । संघमा पछिल्लो समय जिल्लाको भलिबल विकासमा नेतृत्वदायी भूमिका निर्वाह गरेका रञ्जन अमात्य, सन्तोष श्रेष्ठ, चुडा खड्का, शंकर कार्की, मनोज लामालगायतको उदय भएको छ । जसमध्ये श्रेष्ठ र खड्काबाहेक अन्य तीन जना संघको सदस्यसमेत थिएनन् । भलिबलको उर्वर भूमि पालुङसहित उत्तरी क्षेत्रमा अमात्य र कार्कीको भलिबल विकासका लागि प्रशंसा योग्य योगदान छ । अमात्य पूर्वराष्ट्रिय खेलाडीसमेत हुन् । हेटौंडामा श्रेष्ठ र लामाले भलिबल क्षेत्रको विकासमा काम गर्दै आएका छन् ।

अधिवेशनअघि *साझाकुरा*सँग कुरा गर्दै संघका निवर्तमान अध्यक्ष श्रेष्ठले आफू पुन: संघको नेतृत्वमा दोहोरिन नचाएको बताएका थिए । अधिवेशन नजिकिएका कारण नयाँ सदस्यता नखुलाएको पनि श्रेष्ठले बताएका थिए । 'हामीले नवीकरणका लागि मात्रै सूचना जारी गरेका हौं । अधिवेशनका कारण समय नभएकोले सदस्यता नखोलिएको हो । नयाँ सदस्य दिइहाले पनि निर्वाचनमा भाग लिन पाउँदैनन्', उनले भनेका थिए । सदस्यता नभएका तर, भलिबल विकासमा योगदान पुऱ्याएकाहरु कार्यसमितिमा पुगेपछि युवाहरुको 'बिद्रोह'ले सफलता हात पारेको छ ।

## बसपार्कमा आफैं उम्रेको लागूऔषध गाँजा नष्ट

साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ हेटौंडा-१० बसपार्क क्षेत्रमा आफैं उम्रेको लागूऔषध गाँजा प्रहरीले नष्ट गरेको छ । मकवानपुर प्रहरीले हेटौंडा-१० बसपार्कस्थित सामुदायिक प्रहरी सेवा उपकेन्द्र पछाडी अन्दाजी साँढे एक कठ्ठा क्षेत्रफलमा आफैं उम्रिएको लागूऔषध गाँजा फँडानी गरेर जलाएर नष्ट गरेको हो ।

प्रहरी चौकी बसपार्क, सामुदायिक प्रहरी सेवा उपकेन्द्र बसपार्क, आदर्श टोल विकास संस्था, नेत्रज्योति टोल विकास संस्था, सचेत नागरिक युवा समूह मकवानपुर र स्थानीयहरुको उपस्थितिमा उक्त क्षेत्रमा रहेको लागूऔषध गाँजा फाँडेर आगो लगाएर नष्ट गरेको छ । उक्त स्थानमा रहेको गाँजाका कारण युवाहरु दैनिक आएर गाँजा सेवन गर्ने, होहल्ला गर्ने प्रवृत्ति बढेकोले मकवानपुर प्रहरीको समन्वय र टोल विकास तथा स्थानीयको सक्रियतामा गाँजाखेती नष्ट गरेको सामुदायिक प्रहरी सेवा उपकेन्द्र बसपार्कका अध्यक्ष प्रदीप कँडेलले बताए । उक्त अभियानमा प्रहरी चौकी बसपार्कका प्रमुख प्रहरी सहायक निरीक्षक मान बहादुर तामाङ, टोल विकास संस्था अध्यक्ष शान्ता गजुरेलसहित स्थानीय दुर्गा नेपाल, निलम दवाडी, जनप्रतिनिधिसहित सचेत नागरिक अभियान मकवानपुर अध्यक्ष शिवनारायण श्रेष्ठलगायतको सहभागिता थियो ।

## मकवापुरका लगानीकर्ताद्वारा बोर्ड र मन्त्रालय गतिविधिको खेद प्रकट

साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ पूँजी बजार संघर्ष समिति मकवानपुरले नेपाल धितोपत्र बोर्ड र अर्थ मन्त्रालयले पूँजी बजारका लगानीकर्तालाई तर्साउन खोजेको आरोप लगाएको छ ।

लगानीकर्ताको लगानी संरक्षण गर्न छोडेर बोर्ड र मन्त्रालय विदेशी लगानी भित्र्याउन लागेको आरोप समितिले लगाएको छ । संघर्ष समितिले बुधबार मकवानपुरका प्रमुख जिल्ला अधिकारीमार्फत् अर्थ मन्त्रालय र बोर्डलाई ज्ञापनपत्र बुझाउँदै तत्काल समस्या समाधान गर्नुपर्नेमा जोड दिएको छ । समितिले स्वदेशी लगानीकर्ताहरुलाई लगानीको वातावरण सिर्जना गर्नुपर्ने बोर्डले उल्टै तर्साउने काम गरिरहेको गुनासो गरेको छ । समितिले लगानीको वातावरण सृजना गर्न छोडेर उल्टै लगानीकर्ताहरुलाई तर्साउने खालका ४/१२ को नीति लागू गर्नु, कम्पनीको नाममै सार्वजनिक गर्नु, अनुकूल समयमा नीति नियमहरु परिवर्तन गर्ने खेल सुरु भएर देशभित्रका लगानीकर्ताहरुलाई रुवाउने काम गरेको आरोप लगाएको छ । 'नेपालको पूँजी बजार सञ्चालन गर्नको लागि आवश्यक पर्ने नीतिनियमहरु तर्जुमा गरी लगानीकर्ताहरुको लगानीको संरक्षण गर्दै देशको आर्थिक विकासमा छरिएर रहेको पूँजीहरुलाई एकत्रित गर्दै सो पूँजीलाई राष्ट्र निर्माणमा परिचालन गर्ने मूल उद्देश्यबाट नेपाल धितोपत्र बोर्ड स्थापना भएको व्यहोरा अवगत नै छ, तर, त्यसको विपरित धितोपत्र बोर्ड अर्थ मन्त्रालय लागि परेको हाम्रो ठम्याई हो', ज्ञापनपत्रमा भनिएको छ । वैदेशिक लगानी भित्र्याउने कुरा जायज नभएको समितिको भनाइ छ ।

पूँजी बजारलाई विश्वस्तरीय बनाउन छोडेर लगानीकर्ताहरुको हकहित अधिकार कटौती गर्नु, सहमति भएका मागहरु पूरा नगर्नाले लगानीकर्ताहरु लगानीको प्रत्याभूतिको लागि सडकमा आउन परेको उल्लेख गरेको छ । देशको पूँजीबजार विकास र विस्तारका लागि गरिएका विगतका विभिन्न आन्दोलनहरुमध्ये नेपाल सरकार र लगानीकर्ताहरुका संघसंगठनहरुबीच भएका ५८ बुँदे सम्झौता लागू गर्न समितिले माग गरेको छ । धितोपत्र बोर्डका कर्मचारीहरु कमिशन र भ्रष्टाचारमा लिप्त हुन पुगेको आरोप समितिले लगाएको छ । धितोपत्र बोर्ड, अर्थ मन्त्रालयको रवैयाप्रति मकवानपुरे लगानीकर्ताहरुले खेद प्रकट गरेको बताइएको छ ।

५२ लाख सेयरधनीहरुका तर्फबाट विभिन्न माग राखी आमरण अनसन गरिएको आज आठौं दिनसम्म बोर्ड र मन्त्रालयले कुनै चासो नेदखाएको समितिको गुनासो छ ।

लगानीकर्ता तिलक कोइराला बोर्डको कार्यालय परिसर बाहिर आमरण अनसनलाई बसेकाले मकवानपुरे लगानीकर्ताले अत्यन्तै गम्भीरतापूर्वक लिएको उल्लेख गरेका छन् । लगानीकर्ताहरुले नीतिगत सुधारको माग राख्दै आमरण अनसन बस्नुपर्ने अवस्था दुर्भाग्यपूर्ण रहेको समितिको ठम्याइ छ ।

## आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना गरिने

साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ प्राकृतिक विपद्का बेला नियमित र आकस्मिक कामहरु गर्न मकवानपुरका दुई गाउँपालिकामा आपत्तकालीन कार्य सञ्चालन केन्द्र स्थापना गरिने भएको छ । राडो नेपालले प्लान नेपालको आर्थिक सह्योगमा राक्सिराङ र मकवानपुरगढी गाउँपालिकामा आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना गर्ने तयारी गरेको हो । विपद्को समयमा आवश्यक सुरक्षा सामग्रीसहित कार्यालय व्यवस्थापनका लागि राडो नेपालले सामग्रीहरु हस्तान्तरण गरेको छ ।



राडो नेपालले विगतका वर्षदेखि विपद् व्यवस्थापनको क्षेत्रमा काम गर्दै आइरहेको छ । यसअघि जिल्ला प्रशासन कार्यालय मकवानपुरमा जिल्लास्तरीय आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना भइसकेको छ । राडो नेपालबाट विपद्का बेला आवश्यक पर्ने स्ट्रेचर, ह्यान्ड माइक, भऱ्याङ, उड कटर, आगो निभाउने उपकरण, बञ्चरो, लाइफ ज्याकेट लगायत सुरक्षा सामग्रीहरु गाउँपालिकाहरुलाई हस्तान्तरण गरिएको राडो नेपालका कार्यक्रम संयोजक दीपेन्द्र पाठकले जानकारी दिए ।

कम्प्युटर, प्रिन्टर, क्यामेरा, टेबल, कुर्सीलगायतका सामग्रीहरु व्यवस्था गरिएको हो । राडो नेपालले आपतकालीन केन्द्र सञ्चालन कार्यविधि निर्माण गरेर केन्द्र स्थापना गरिएका कार्यालय र गाउँपालिकाहरुलाई हस्तान्तरण गरिसकिएको जनाइएको छ ।

## हेटौंडामा समिन बेकरीको अवैध काम




साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ हेटौंडा उपमहानगरपालिका-८, कमानेस्थित ओमनगरमा उद्योग रहेको समिन बेकरीले बजारमा अवैध तरिकाबाट बेकरी सामान निर्यात गरेको फेला परेको छ ।

समिन बेकरी उद्योगको खोलमा एक महिनापछिको म्याद राखेर पाउरोटीलगायत बेकरी सामग्री बजारमा आइपुगेको हो । आज ८ असार अर्थात् अंग्रेजी मिति जुन २३ हो । तर, समिन बेकरीले करिब एक महिनापछिको ४ साउन अर्थात् अंग्रेजी मिति जुलाई २० को मिति राखेर पाउरोटीलगायतको बेकरी सामग्री बजारमा पठाएको हो । समिन बेकरीले मंगलबार एक पसलमा एक महिनापछिको बेकरी पठाएको थियो भने सोही अवैध कार्यलाई बुधबार पनि निरन्तरता दिँदै उक्त पसलमा पुन: सोही मितिको पाउरोटी पठाएको हो ।

समिन बेकरीले दैनिक अवैध कार्य गरिरहँदा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, हेटौंडामा भने कानमा तेल हालेर बसेको छ । बजारमा अवैध तरिकाले बेकरी सामग्री आइरहँदा यसको नियमन गर्ने निकाय खाद्य कार्यालयलाई कुनै चासो नरहेको पाइएको हो । बजार अनुगमन नगर्दा बेकरी उद्योगको लापरबाही दैनिक रुपमा बढिरहेको छ ।

तर, खाद्य कार्यालयलाई कुनै चासो नहुँदा उपभोक्ताहरुको स्वास्थ्यमा गम्भीर असर पुगिरहेको हो । उपभोक्ताहरुको खाद्य अधिकारको संरक्षण गर्न तलब खाँदै आएका कर्मचारी बजार अनुगमनमा नहिँड्दा उपभोक्ताहरुको स्वास्थ्यमाथि गम्भीर खेलबाड भएको छ ।

## प्रदेशस्तरीय वक्तृत्वकलामा तिमल्सिना प्रथम

हेटौंडा, ८ असार/ बागमती प्रदेश युवा परिषद्को कार्यालयले आयोजना गरेको प्रदेशस्तरीय वक्तृत्वकला प्रतियोगितामा प्रवेश तिमल्सिना प्रथम भएका छन् ।

प्रदेशभरका युवा प्रतिभा पहिचान कार्यक्रमअन्तर्गत् भएको वक्तृत्वकलामा भक्तपुरका तिमल्सिनासँगै उत्कृष्ट चार जना पुरस्कृत भएका छन् । 'शिर्जनशिल र उद्यमशिलता प्रवर्द्धन: बागमतीमा युवा सशक्तिकरण' विषयमाथि प्रतिस्पर्धीहरुले आफ्नो धारणा राखेका थिए ।

बागमतीका १३ वटा जिल्लाबाट १८ जना प्रतियोगितामा सहभागी थिए । प्रतियोगितामा धादिङ निलकण्ठ नगरपालिकाकी समिक्षा अधिकारी द्वितीय, भक्तपुर चाँगुनारायण नगरपालिकाकी तृष्णा अधिकारी तृतीय र नुवाकोटको बेलकोट नगरपालिकाकी बविना लामिछाने सान्त्वना भएका छन् । प्रथम भएका तिमल्सिनाले ३० हजार नगदसहित प्रमाणपत्र हात पारे ।

द्वितीय, तृतीय र सान्त्वना हुनेले क्रमश: २५ हजार, २० हजार र १० हजार पाएको कार्यालयले जानकारी दिएको छ । प्रतियोगितामा बिजेतालाई बागमती प्रदेशका युवा तथा खेलकुद मन्त्री रत्नप्रसाद ढकालले पुरस्कार प्रदान गरेका छन् । मन्त्रालयका सचिव ध्रुब गैडा, परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाई र प्रमुख निर्णायक निमेष निखिललगायतको आतिथ्यता रहेको कार्यक्रम परिषद्का निमित्त कार्यालय प्रमुख रमेश घिमिरे सञ्चालन गरेका थिए ।

## हेटौंडा उपमहानगरद्वारा ट्राफिकलाई ब्रेथलाइजर

साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ हेटौंडा उपमहानगरपालिकाले ट्राफिक प्रहरी कार्यालय मकवानपुरलाई ब्रेथलाइजर मेसिन सहयोग गरेको छ ।

मादक पदार्थ सेवनबाट दैनिक भइहेको सवारी दुर्घटना न्यूनीकरणका लागि उपमहानगरले सक्रियता देखाउँदै मेसिन सहयोग गरेको हो । उपमहानगरका प्रमुख मिनाकुमारी लामा र उपमेयर राजेश बानियाँले ट्राफिक प्रहरी प्रमुख निरीक्षक मुनेन्द्र थापालाई ५ वटा मेसिन सहयोग गरेको हो । करिब ५ लाख रुपैयाँ बराबरको मेसिन सहयोग गरिएको उपमहानगरपालिकाले जनाएको छ । 'ट्राफिकका लागि आवश्यक सामग्री हामीले हस्तान्तरण गरेका हौं । सवारी दुर्घटना न्यूनीकरण गर्नका



लागि आगामी दिनमा पनि हामी हातेमालो गर्न तयार छौं', प्रमुख लामाले भनिन् । उनले मेसिनले सवारी दुर्घटना न्यूनीकरण पुग्नेमा विश्वास व्यक्त गरिन् ।

ट्राफिक प्रहरी प्रमुख निरीक्षक थापाले बजारको ट्राफिक व्यवस्थापन र सवारी दुर्घटना घटाउन उपमहानगरसँग सदैब सहकार्य गरेर अगाडि बढ्ने प्रतिबद्धता जनाए । उनले दैनिकरुपमा उपमहानगरको विभिन्न स्थानमा ब्रेथलाइजर मेसिनबाट मापसे चेकिङ गरिनेसमेत बताए ।

## होटलमा बन्धक बनाएर पैसा माग्ने तीन जना पक्राउ

हेटौंडा, ८ असार/ हेटौंडा उपमहानगरपालिकास्थित होटलको एउटै कोठामा ९ दिनदेखि बन्धक बनाएर परिवारसँग पैसा मागेको आरोपमा तीन जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा हेटौंडा-१५ बस्ने २९ वर्षीय सुरेश लामा, हेटौंडा-१२ बस्ने २१ वर्षीय समीर बल र सोही स्थानका २८ वर्षीय अशोक लामा हुन् । उनीहरुलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी टोली ६ असार आइतबार पक्राउ गरेको हो । उनीहरुले हेटौंडा-१० बसपार्कस्थित ट्राभल होटल एण्ड लजमा बीरगञ्ज-१९ बस्ने २७ वर्षीय अमनकुमार श्रीवास्तवलाई होटलमा बन्धक बनाएको आरोप छ । होटलको कोठा नम्बर १०७ मा श्रीवास्तवलाई २९ जेठदेखि बन्धक बनाएर परिवारसँग फिरौती रकम मागेको जिप्रका मकवानपुरका निमित्त प्रवक्ता प्रहरी निरीक्षक रामचन्द्र घिमिरेले जानकारी दिए ।

आरोपित तीन जनाले योजनाबद्ध तरिकाले श्रीवास्तवलाई नै प्रयोग गरी परिवारसँग पैसा माग्न लगाएको इन्स्पेक्टर घिमिरेले जनाए । 'उनलाई बन्धक बनाएर राखेको सूचनाका आधारमा उद्धारसँगै आरोपितलाई नियन्त्रणमा लिएका हौं ।' घिमिरेले भने, 'घटना थप जटिल पनि छ । हामी अनुसन्धान गर्दैछौं ।'





बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय, हेटौंडा

**यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना**

- करदाताले आफ्नो नाममा दर्ता भएको सवारी साधनको कर प्रत्येक आर्थिक वर्षको चैत्र मसान्त वा दर्ता नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्यादभित्र बुझाईसक्नु पर्नेछ ।
- समयमा कर तिरौं, जरिवानाबाट बचौं ।
- सवारी चालक अनुमतिपत्रको नयाँ Online Form खुलेकाले यस अघि Form भरेकाहरुको Form खारेज भएको हुँदा नयाँ Online Form भर्नु हुन अनुरोध छ साथै Form भर्दा आफ्नो शुद्ध र स्पष्ट विवरण भर्नु होला कुनै त्रुटी भएमा यस कार्यालयबाट सच्याउन नमिल्ने जानकारी गराइन्छ ।
- सवारी चालक अनुमतिपत्र नवीकरण गर्दा यस प्रदेशबाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेशभित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नवीकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी सो जारी भएको कार्यालयबाट मात्र जारी हुने भएकाले दर्ता भएको कार्यालयमा नै जानुपर्नेछ ।
- नेपाल सरकारको निर्णयानुसार सवारी साधनमा इम्बोष्ड नम्बर प्लेट जडान गर्नु पर्ने भएकाले आफ्नो सवारी दर्ता रहेको कार्यालयमा सम्पर्क गरी जडान प्रकृया शुरु गर्नु हुन अनुरोध छ ।

"सक्षम निजामती प्रशासन: विकास, समृद्धि र सुशासन"
फोन नं.: ०५७-५२६१४६,
ई-मेल ठेगाना: (प्रशासन: admin.hetaudayatayat@bagamati.gov.np),
(सवारी: sawari.hetaudayatayat@bagamati.gov.np),
(लाइसेन्स: license.hetauddayatayat@bagannati.gov.np)

सूचना ! सूचना !! सूचना !!!

**भाखा नाघेको ऋण सम्बन्धि अत्यन्त जरूरी सूचना**

यस संस्थाबाट बिभिन्न प्रयोजनको लागि बिभिन्न मितिमा लिएको ऋण समयमा नतिरी संस्थाले पटक/पटक तर ताकेता गर्दा पनि ऋण बुझाउन अटेर गर्ने सम्पूर्ण भाखा नाघेका ऋणी सदस्यहरुलाई ऋण तिर्न आउनको मिति २०७९ आषाढ ३२ गते सम्मको लागि यो सूचना जारी गरिएको छ । उल्लेखित म्यादभित्र पनि ऋण तिर्न आलटाल गर्ने ऋणीहरुको पूर्ण बिवरण पत्रपत्रिकामा प्रकाशित गरी नियमानुसार अन्य प्रक्रिया अघि बढाइने ब्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**सितु बचत तथा ऋण सहकारी संस्था लि.**
भिन्तुनाथप, हेटौंडा-१, मकवानपुर

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**हेटौंडा-सिन्धुली सवारी सञ्चालन सम्बन्धी सुचना**

यस सार्वजनिक मकवानपुर यातायात प्रा.लि.द्वारा हेटौंडा देखि सिन्धुलीसम्म हाललाई १८ सिट सम्मको क्षमता भएको १० वटा सवारी मात्र दर्ता गराई सञ्चालनमा ल्याउने भएको हुँदा ईच्छुक महानुभावले यही २०७९ अषाढ मसान्त भित्रमा कम्पनीमा आई सवारी दर्ताको लागि निवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ ।

सार्वजनिक मकवानपुर यातायात व्यवसायी प्रा.लि.
मुख्य कार्यालय : हेटौंडा-१, चाईनाक्वार्टर
फोन नं. ०५७५२१४८३, ०५७५२६२३४

**पार्टी गर्दै हुनुहुन्छ ?**

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)





साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना